स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



विवादका कारण चर्चामा रहन सफल नेपाली फिल्म "लालीबजार" शुक्रबारबाट प्रदर्शनको तेस्रो सातामा प्रवेश गरेको छ । गत वैशाख २५ गतेबाट प्रदर्शनमा आएको यो फिल्मले अहिलेसम्म ५ करोड २५ लाख रुपैयाँको ग्रस कलेक्सन गरिसकेको निर्माण कम्पनी षट्कोण आर्टर्सले जनाएको छ । कम्पनीका सीईओ म्याक्स दीपेश खत्रीका अनुसार फिल्मले जेठ ७ गते बेलुकी ११:५९ बजेसम्ममा उक्त ग्रस कलेक्सन गरेको हो ।

आजको विचार...



शम्भु कोइराला

सरकारका... (दुई पेजमा)

शुक्रबारदेखि २ नेपालीसहित चार फिल्म हलमा रिलिज भएका छन् । नेपाली भाषाका "मितज्यू" र "काजी" सहित बलिउडको "चाँद मेरी दिल" तथा हलिउडको "स्टार वार्स : द मन्डलोरियन एण्ड ग्रोगु" हलमा लागेका हुन् । "मितज्यू" चर्चित डान्सर टेरिया मगरको डेब्यू फिल्म हो । फिल्ममा दयाहाङ राई, सौगात मल्ल लगायतका कलाकार पनि छन् । ग्रामीण परिवेशमा खिचिएको कथाले मितेरी साइनो र ग्रामीण भेगमा चल्ने जीप चालकको कथा भन्छ ।



❒ वर्ष ३१ ❒ अंक २९४ ❒ २०८३ जेठ ९ गते शनिबार 23 May 2026, Friday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# परदेशमै अस्ताएका सपना

***घर र परदेशको दौडधुपमै उनले आफ्ना सपना सेलाए । दुई छोराछोरी, श्रीमती र परिवारका अन्य सदस्य अझै विक्षिप्त छन् । बागलुङबाट विदेश पुगेर आफ्ना सपना सेलाउने उनीहरु मात्रै होइनन् । चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएका दश जनाको विदेशमै मृत्यु भएको छ । मृत्यु हुनेहरुमा नौ पुरुष र एक जना महिला छन् । तीमध्ये नौ जनाको विदेशमा र श्रम स्वीकृति भएका एक जनाको नेपालमा मृत्यु भएको हो ।***

**रासस**

**बलेवा (बागलुङ),** जेठ ८/ बागलुङको बरेङ गाउँपालिकाका ४० वर्षीय पुरुष केही वर्ष पहिले परिवारको सुन्दर सपना बोकेर संयुक्त अरव इमिरेट्स (युएई) पुगे । युएईको दुबईमा एउटा घरमा करिब एक वर्ष काम गरिसकेका थिए ।

परिवारको समान्य खर्चसमेत नचलेपछि युएई पुगेका उनले महिनाकै खर्च घर पठाउँदै आएका थिए । छोराछोरीको पढाइलेखाइ, औषधि उपचार र घर खर्चसमेत धेरथोर बचाउने र भविष्य सुन्दर बनाउने उनको सपना थियो । तर एक दिन उनको सपना तुहियो । घरमा सुतिरहेकै बेला उनको मृत्यु भएको खबर घर पुग्यो । वैदेशिक रोजगार बोर्ड, सुरक्षित आप्रवासन कार्यक्रम र बरेङ गाउँपालिका समेतको सक्रियतामा उनको शव घर ल्याइयो ।



परिवारकै खर्च चलाउन लामो समय खाडी मुलुक साउदी अरबमा काम गरेका बागलुङ नगरपालिका-१३ पैञ्युपाटाका अर्का ३९ वर्षीय पुरुषको कथा पनि उस्तै छ । लामो समय साउदी अरबको एक कम्पनीमा काम गरेका उनको मुटुमा समस्या आयो । नेपाल आएर केही समय उपचार गरे र पुन: साउदी अरब फर्किए । काम गर्दागर्दै उनको जीवन लिला पनि त्यहीँ अस्तायो । घर र परदेशको दौडधुपमै उनले आफ्ना सपना सेलाए । दुई छोराछोरी, श्रीमती र परिवारका अन्य सदस्य अझै विक्षिप्त छन् । बागलुङबाट विदेश पुगेर आफ्ना सपना सेलाउने उनीहरु मात्रै होइनन् । चालु आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएका दश जनाको विदेशमै मृत्यु भएको छ । मृत्यु हुनेहरुमा नौ पुरुष र एक जना महिला छन् । *-बाँकी अन्तिम पेजमा...*

## संक्षिप्त समाचार

### अफगानिस्तानमा बाढीका कारण १० को मृत्यु

**(रासस/सिन्ह्वा)**

**काबुल,** जेठ ८/उत्तरी अफगानिस्तानको बघलान प्रान्तका अधिकाशं जिल्लाहरूमा भारी वर्षा पछि आएको बाढीका कारण महिला तथा बालबालिका सहित कम्तीमा १० जनाको मृत्यु भएको स्थानीय मिडियालाइ्र उदृत गर्दै टोलो न्यूजले शुक्रबार रिपोर्ट गरेको छ । वर्षाका कारणले एक सय भन्दा बढी आवासीय घरहरू क्षेतिग्रस्त बनाउनुका साथै कृषि जमिन डुबानमा परेको जनाइएको छ । जसले प्रान्तको ग्रामीण अर्थतन्त्रलाई गम्भीर चोट पुर्याएको प्रान्तीय विपद् व्यवस्थापन अधिकारीका प्रमुख हेडायतुल्लाह हम्दर्दलाई उद्धृत गर्दै मिडियाले जनाएका छन् । यसै गरी बुधबार राति भएको छुट्टै मौसमी घटनामा दक्षिणी कान्दाहार प्रान्तमा तीन जनाको मृत्यु भएको हुनुका साथै अन्य छ जना घाइते भएको जनाइएको छ । अफगानिस्तानका केही भागहरूमा विगत केही दिन देखि भारी वर्षा, आँधीबेहरी, गर्जन र बिजुलीको चपेटामा परेको जनाइएको छ । अफगानीस्तानको मौसम विभागले आगामी दिनमा निरन्तर वर्षाको चेतावनी जारी गरेको छ भने कमजोर क्षेत्रहरूमा थप बाढीको चिन्ता बढाएको छ ।

## डुबेर भारतीय नागरिकको मृत्यु



**पाल्पा,** जेठ ८/जिल्लाको तिनाउ गाउँपालिका -३ स्थित तिनाउ खोला ड्याममा पौडी खेल्ने क्रममा डुबेर एक भारतीय नागरिकको मृत्यु भएको छ । साथीहरुसँग घुम्न आएका भारतको उत्तर प्रदेश सिद्दार्थनगर जिल्ला नौगढ गाउँ जगदीसपुरका २२ वर्षीय सौरब रस्तौगीको पौडी खेल्ने क्रममा डुबेर मृत्यु भएको हो ।

उनी पौडी खेल्ने क्रममा गत बुधबार डुबेर बेपत्ता भएका थिए । नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालको टोलीले खोजतलास गर्दा विहीबार विहान खोलामा ढुङ्गाको खोँचमा अड्किएको अवस्थामा उनको शव फेला पारिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक भिमलाल भट्टराईले जानकारी दिए । उका अनुसार रस्तौगीको घटनास्थलबाट ५० मिटर दक्षिणतर्फ शव फेला परेको हो ।

## पाल्पाको रम्भामा जङ्गली च्याउ खाँदा दुई जनाको मृत्यु



**पाल्पा,** जेठ ८/पाल्पामा जङ्गली च्याउ खाएर दुई जनाको मृत्यु भएको छ । जङ्गलबाट खोजेर ल्याएको च्याउ पकाएर खाएका रम्भा गाउँपालिका-५ फलकुन की ६६ वर्षीया विनिमाया कामु मगर र सोही ठाउँकी ३५ वर्षीया बालकुमारी खाम्चाको मृत्यु भएको हो ।

जङ्गली च्याउ खाएर विरामी परेका उनीहरुको उपचारका क्रममा तानसेनस्थित युनाइटेड मिसन अस्पतालमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक भिमलाल भट्टराईले बताए । "गत शुक्रबार नजिकैको जङ्गलबाट उहाँहरुसहित तीन जनाले च्याउ ल्याएर खानु भएको थियो । शनिबार विहानबाट बान्ता तथा झाडापखला हुन थालेपछि उपचारका लागि अस्पताल पुऱ्याइएको थियो" प्रहरी नायव उपरीक्षक भट्टराईले भने "उपचारपछि उहाँको मृत्यु भएको हो ।" उपचारका क्रममा विनिमायाको सोमबार र बालकुमारीको मङ्गलबार मृत्यु भएको हो । जिल्ला प्रहरीले उक्त विवरण विहीबार मात्र सार्वजनिक गरेको थियो । च्याउ खाई बिरामी भएकी ५० वर्षीया यममाया जर्घा मगरको भने अस्पतालमा उपचार भईरहेको छ । उनको अवस्था सिरियस रहेको प्रहरीले जनाएको छ । यस्तै जिल्लाका तानसेन, निस्दी र माथागढीमा पनि विषालु च्याउ खाएर १२ जना विरामी परेका छन् । तानसेन नगरपालिका-११, भालुवन घर भई तानसेन नगरपालिका-४, बस्दै आएका एकै परिवारका चार जना बिरामी परेका छन् । उनीहरुको पनि मिसन अस्पतालमा उपचार भइरहेको छ । यस्तै, तानसेन नगरपालिका-८, मदनपोखरा कोकल बस्ने दुई जना पनि जङ्गली च्याउ खाएर विरामी गरेका छन् । यस्तै माथागढी गाउँपालिका-३, कसेनीमा पनि केही दिन अघि च्याउ खाएर चार जना विरामी परेका थिए । उनीहरु उपचारपछि घर फर्किएका छन । यस्तै निस्दी गाउँपालिका-४ का दुई जना पजि विषालु च्याउ खाएर बिरामी पर्नुभएको छ । उनीहरुलाई उपचारका लागि मध्यविन्दु अस्पतालमा उपचारपछि थप उपचारका लागि चितवन भरतपुर लगिएको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## युगकवि सिद्धिचरणको स्मरण

युगकवि सिद्धिचरण श्रेष्ठको आज जन्मजयन्ती । उनको जन्मदिनका अवसरमा आज देशभर नै साहित्यिक समारोहरु हुँदै छन् । नेपाली साहित्य क्षेत्रमा सिद्धिचरण श्रेष्ठले पुऱ्याएको येगदान अतुलनिय रहेको छ । जसका कारण साहित्यकार तथा साहित्य संघसंस्थाहरुले जन्मजयन्तीका अवसरमा उनलाई विशेष किसिमले सम्झने गर्दछन् । वि.सं. १९६९ जेठ ९ गते ओखलढुंगा जिल्लामा जन्मेका सिद्धिचरणको ८० वर्षाको उमेरमा २०४९ जेठ २२ गते निधन भएको थियो । उनको निधन भए पनि नेपाली समाजले योगदानको भने सधैव सम्मान गर्ने गरेको छ । यो आफैमा सकारात्मक छ । नेपाली साहित्यमा सिद्धिचरणको स्थान महत्वपूर्ण छ ।

नेपाली साहित्यका आकाशमा उज्यालो तारा बनेर चम्किएका श्रेष्ठको जन्मजयन्ती केवल एक साहित्यकारको स्मरण मात्र होइन, यो नेपाली चेतना, स्वतन्त्र विचार र मानवतावादी भावनाको उत्सव पनि हो । प्रत्येक वर्ष उनको जन्मजयन्ती मनाइँदा नेपाली समाजले साहित्य, संस्कृति र राष्ट्रिय चेतनामा उनले पुऱ्याएको अतुलनीय योगदानलाई पुनः सम्झने अवसर पाउँछ । प्रकृति, राष्ट्रप्रेम, जनजीवन, पीडा र स्वतन्त्रताको भावलाई सरल तर प्रभावशाली शैलीमा अभिव्यक्त गर्ने उनको क्षमता अद्वितीय थियो । उनको "ओखलढुङ्गा" कविता आज पनि नेपाली जनमानसको हृदयमा जीवित छ । उनले कविता केवल मनोरञ्जनका लागि होइन, समाजलाई जागृत गराउने माध्यमका रूपमा प्रयोग गरे । राणाशासनको दमनकारी समयमा स्वतन्त्रताको पक्षमा आवाज उठाउँदा उनले जेलजीवन समेत भोग्नुपरेको थियो । तर कठिन परिस्थितिले उनको कलमलाई रोक्न सकेन । बरु उनका सिर्जनाले जनतामा अधिकार र स्वतन्त्रताको चेतना फैलायो । यस अर्थमा सिद्धिचरण केवल कवि होइनन्, परिवर्तनका अभियन्ता पनि हुन् । आजको पुस्ताका लागि सिद्धिचरण श्रेष्ठको जीवन र साहित्य प्रेरणाको स्रोत बनेको छ । प्रविधि र भौतिकताले मानिसलाई संवेदनाहीन बनाइरहेको वर्तमान समयमा उनका कविताले मानवीय मूल्य, प्रकृतिप्रेम र सामाजिक जिम्मेवारीको स्मरण गराउँछन् । साहित्य समाजको दर्पण मात्र होइन, दिशानिर्देशक पनि हो भन्ने सन्देश उनले आफ्नो सिर्जनामार्फत दिएका छन् । उनको जन्मजयन्ती मनाउनु भनेको केवल माल्यार्पण र औपचारिक कार्यक्रम गर्नु होइन ! उनको विचार, आदर्श र साहित्यिक योगदानलाई व्यवहारमा उतार्नु पनि हो । यसर्थ नेपाली साहित्य क्षेत्रमा उनले पुऱ्याएको योगदानको सबैले अनुसरण गर्न जरुरी छ ।

### Opinion @ Social Network

"सुखमा पुगेपछि सबैभन्दा पहिलो निम्तो उसलाई दिनु,
जो दुखमा पर्दा बिना निम्तो आएको थियो ।"
*(कबिता मगरको फेसबुक स्टाटसबाट www.facebook.com/Kabita.Magar)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सरकारका अलमलिएका प्राथमिकताहरू



शम्भु कोइराला

**नमागिएको सल्लाह**

गएको अंकको यस स्तम्भमा सरकारका प्राथमिकता अलमलिए कि भनेर समष्टिमा चर्चा गरियो । बाँकी विषयहरूमा आजको आलेखमा चर्चा गर्ने प्रयास गरिएको छ । जनताले कार्यालयमा गएर काम गर्दा केही सजिलो भएको, सहजता महसुस भएको प्रतिक्रिया आएको छ । हुलाकबाट सेवाग्राहीको घरमा राहदानी लगायतका कागजातहरू पठाइएको विषय वास्तवमै राम्रो प्रयास हो । सुशासनको हिसाबले यो सकारात्मक प्रयास हो । यसले निरन्तरता पाउनु पर्दछ । पहिलेजस्तो प्रचारात्मक विषयवस्तु मात्र नबनोस् भन्ने कामना छ । सबैभन्दा प्रशंसनीय विषय भनेको अनेक आलोचनाका बाबजुद प्रधानमन्त्री, मन्त्रीहरू र अन्य निकायबाट राज्यसंरक्षित भ्रष्टाचार भएको छ भनेर सुन्नुपरेको छैन तर धेरै महत्त्वपूर्ण क्षेत्र भने ओझेलमा परिरहेको छ । देशको सार्वभौमिकता, जनताको बलिदानबाट बनेको नेपालको संविधानका मूलभूत विषयहरूको रक्षा गर्दै देशलाई आर्थिक रूपमा सम्पन्न बनाउनु नेपालमा बन्ने सबै सरकारका प्राथमिकता हुन् । यस सरकारको प्राथमिकता पनि यस्तै हो । आर्थिक विकास भन्न सजिलो छ । हिजो पनि आर्थिक समृद्धि भनिएकै हो । आजको सरकारले पनि भनिरहेको छ । समृद्धि सजिलो किसिमले हासिल गरिने विषय होइन । स्पष्ट दृष्टिकोण, उदार चिन्तन, राष्ट्रिय शक्तिलाई समेट्न सक्ने शक्ति, प्रतिशोधको सट्टा सहयोगी भावना, क्षमाशीलता देश विकासका पूर्वशर्त हुन् । अहिलेको सरकारलाई विशाल बहुमतको सुविधा छ । सरकारको स्थिरताका लागि यसभन्दा उपयुक्त गणितीय समीकरण बन्ला नबन्ला भन्न सकिन्न । तर, माथि भनिएका पूर्वशर्तहरूको अनुशरण गर्नुको साटो राजनीतिक प्रतिशोध, पाकिस्तानी शैलीको राजनीतिक असहिष्णुता, निजी क्षेत्रको मनोबल कमजोर बनाउने काम कारबाही, आफ्ना कमजोरी लुकाउन निरन्तरताको क्रमभंगता भन्ने दलिल जस्ता अभ्यासले यस सरकारले आफ्नो समय सबैतिरको द्वन्द्व व्यवस्थापनमा खर्च गर्नुपर्ने हो कि भन्ने भय देखापरेको छ । हिजो प्रधानमन्त्रीले संसदीय अभ्यास तोडेको विषयलाई निरन्तरताको क्रमभंगता भनेर प्रतिरक्षा गरियो । आजका दिनमा श्रम संस्कृति पार्टीले प्लेकार्डसहित संसद्मा प्रदर्शन गरेको संसदीय इतिहासमा सम्भवतः पहिलो घटना देखिएको छ । हिजोका दिनमा प्रधानमन्त्री संसद्मा नीति तथा कार्यक्रममाथि जवाफ दिन नआउँदा सभामुखले प्रधानमन्त्रीलाई रुलिङ गरेर बोलाउन सकेको भए हर्क साम्पाङको पार्टीलाई निलम्बन गर्ने चेतावनी दिन सुहाउने थियो । श्रम संस्कृति पार्टीले पनि संसदीय अभ्यासमा पनि निरन्तरताको क्रमभंगता भनिदियो भने उपयुक्त जवाफ भेट्टाउन कठिन हुनेछ । जवाफ त फर्काइएला तर त्यो तर्कसंगत नठानिन सक्छ । त्यसैले यस सरकारले राष्ट्रका सबै शक्तिलाई एक बनाएर द्वन्द्वको अवस्था उत्पन्न नहुने परिस्थिति निर्माण गर्न चुक्नु हुँदैन । यो पूर्वशर्त पालना भएपछि बल्ल आउँछ आर्थिक विकासको सन्दर्भ । नेपालको हकमा देशलाई समृद्ध बनाउने मुख्य तीन क्षेत्र हुन्- एक कृषिमा आधुनिकीकरण-दुई जल सम्पदाको उपयोग, तीन-पर्यटन प्रवर्धन ।

**१. कृषिमा आधुनिकीकरण**

यस प्रसंगमा कृषिकर्मलाई इज्जत र सम्मानको क्षेत्र भनेर पहिचान गराउन जरुरी छ । आफ्ना सन्तानलाई तैंले पढिनस् भने हलो जोत्नुपर्ला भनेर बालमनोविज्ञान बिगारिदिएपछि कृषि कर्मको इज्जत कसरी हुनसक्ला ? तिहारको समयमा हली र गोरुको पूजा गर्ने कर्मकाण्ड पूरा गरेर मात्र कृषि कर्मको इज्जत कसरी बढन् सक्ला ? सरकारले धेरै समय अगाडिदेखि कृषकलाई पेन्सन दिने भनेको छ तर यो भनाइमै सीमित छ । बिउ चाहिने समयमा किसानलाई उचित बिउ उपलब्ध गराउन सकिएको छैन । मल चाहिने समयमा मल उपलब्ध नहुने त परम्परा जस्तै बनिसकेको छ । जुन सरकार आए पनि यसमा परिवर्तन भएको छैन । कृषकले प्राकृतिक विपद्, किराफट्यांग्राजन्य आपतको कारण पसिना बगाएर फलाएको उत्पादनले बजार नपाउने अर्को ठूलो समस्या हो । यस समस्यालाई समस्याका रूपमा पहिचान नै गर्न सकिएको छैन । यसो गर्न नसक्दा गरिब र सिधासाधा किसानकोमा बिचौलिया प्रवेश गरी उत्पादनको लागतसमेत नउठ्ने गरी पसिना नबगाउने ठालु हाबी भइरहेको अवस्था छ । गरिबको चमेली बोल्दिने कोही छैन भन्ने गीतको माध्यमबाट लोकप्रियता कमाएका व्यक्ति प्रधानमन्त्री बन्दा पनि कृषक चमेलीको हाल दिन प्रतिदिन बेहाल भइरहेको छ । हालैका दिनमा कर्णाली क्षेत्रमा काफल बेच्न आएकी गरिब र निमुखा चमेलीप्रति सुरक्षाकर्मीले गरेको व्यवहार चमेलीहरूलाई बेहाल बनाउने शृंखलाको पछिल्लो दर्दनाक उदाहरण हो । कृषि एम्बुलेन्सका कुरा नारामा हराए । स्थानीय निकाय अथवा कुनै सरकारले किसानले उत्पादन गरेको फसल किनिदिने प्रत्याभूति दिन किन कठिन भएको होला । हो, केही आर्थिक भार अवश्य पर्छ तर राज्यले खर्च गर्ने भनेको यस्तै क्षेत्रमा हो । यति मात्र होइन, कृषिमा व्यावसायिक क्षेत्रलाई प्रवेश गराउँन अनिवार्य छ । यस क्षेत्रमा खरबमा लगानी गर्नसक्ने उद्योगपतिहरूलाई यसमा आकर्षण गर्नसके मात्र यो क्षेत्रले फड्को मार्नसक्छ । उद्योग र उद्यमीप्रति नकारात्मक सोच भएको यो समाजको सामाजिक चिन्तन नै बदल्नुपर्ने अवस्था छ । यसो गर्न सजिलो भने छैन । धेरै मिहिनेत र त्याग नगरी धनी बन्ने सपना देखिरहेको अहिलेको अल्छी पुस्ताबाट यो चिन्तन बदलिएला भनेर सोच्न सकिने अवस्था पनि छैन । अहिलेको सरकारले प्रयास भने गर्न छोड्नु हुँदैन ।

**२. जलस्रोतको प्रचुर उपयोग**

नेपालमा जलस्रोतको उद्योगको प्रचुर सम्भावना छ भनेर धेरै अगाडिदेखि भनिँदै आएको विषय हो । यसैबाट हाम्रो देश समृद्ध बन्छ भन्ने पनि सही कुरा हो । अहिले नेपालको कूल जडित विद्युत् क्षमता करिब ४,२०० मेगावाट छ । सन् २०२५ सम्ममा २८,५०० मेगावट पुऱ्याउने लक्ष्य छ । २,२००-२,४०० मेगावट भए सबै समयमा आन्तरिक माग पूरा गर्न सकिन्छ । उच्च माग भएको अवस्थामा २,३८० मेगावाट पुगेको अवस्था रहेको छ । जलाशययुक्त आयोजनाको क्षमता कम भएको कारण नदीमा पानीको बहाव कम हुँदा माग र आपूर्तिको सन्तुलन मिलाउन कठिनाइ भोग्नु परिरहेको छ । यसका लागि जलाशययुक्त आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने अवस्था छ । नेपालमा एक मात्र ठूलो जलाशययुक्त आयोजना ९२ मेगावाट जडित क्षमताको कुलेखानी प्रथम, दोस्रो र तेस्रो हो । जुन आन्तरिक खपतका लागि पनि धेरै कम छ । जलाशययुक्त आयोजनाको कमीको कारण दिगो निर्यात व्यापारका लागि पनि समस्या परिरहेको छ । यस्ता विषयहरू सरकारको प्राथमिकताको क्षेत्र बन्न जरुरी छ । सिँचाइको विकासबिना कृषिमा उत्पादकत्व बढाउन नसकिने भएकाले खासगरी तराई क्षेत्र र पहाडको ठूला फाँटहरूमा सिँचाइको विकास गर्ने कुरा उच्च प्राथमिकतामा पर्नुपर्दछ । सुनकोसीको पानी, १३.३ किमी लम्बाइको टनेलमार्फत मरिन खोलामा खसाएर सिँचाई गर्ने गरी काम भइरहेको छ । यसलाई अविलम्ब सम्पन्न गरी काम अगाडि बढाउन आवश्यक छ । खानेपानी सुविधा जीवनका लागि न्यूनतम आवश्यकता भएकाले हरेक नागरिक र पशुपक्षीले स्वच्छ खानेपानीको सुविधा पाउनु पर्दछ । नेपालमा ९५ प्रतिशत जनसंख्यामा आधारभूत खानेपानी सुविधा पुगेको बताइए पनि २७ प्रतिशत जनतालाई मात्र शुद्ध खानेपानी सुविधा उपलब्ध भएको अवस्था रहेको छ । बाँकी जनतालाई पनि स्वच्छ खानेपानी उपलब्ध गराउनु सरकारको प्राथमिकताको विषय हो ।

**३. पर्यटन प्रवर्द्धन**

करिब तीन अरब जनसंख्या भएका विशाल दुई छिमेकी पाउनु नेपालीको सौभाग्यको विषय हो । दक्षिण छिमेकीसँग त हाम्रो धर्मकर्म, रीतिरिवाज, संस्कार संस्कृतिमा समेत समानता छ । उत्तर छिमेकमा पनि बुद्ध धर्मको कारण सांस्कृतिक आदानप्रदानको सम्भावना धेरै छ । भारतीय पर्यटक आगमनले अहिले पनि पहिलो स्थान ओगटेको छ । पशुपति, स्वयम्भू, मुक्तिनाथ, बौद्ध, लुम्बिनी विकास क्षेत्रप्रति भारतीयहरूको आस्थाको कारण नेपालमा आउने भारतीय तीर्थयात्रीको संख्या बढाउन सकिने सम्भावना प्रचुर छ । यसका लागि हाम्रा यातायात पूर्वाधारहरू बाधक रहेका छन् । भारतीय क्षेत्रबाट राजधानी प्रवेश गर्ने एउटा पनि स्तरीय बाटो छैन । एक घण्टा ठूलो पानी परेको अवस्थामा बाटोमा के हुने हो भन्न सकिने अवस्था छैन । यो राष्ट्रिय लज्जाको विषय हो । यो लाज छोप्ने काम वर्तमान शक्तिशाली सरकारको हुनुपर्ने हो तर यसले प्राथमिकता पाएको कतै सुनिएको छैन । काठमाडौं-तराई मधेस द्रुतमार्गको काठमाडौं प्रवेश गर्ने जिरो बिन्दुको विवाद अहिलेसम्म साम्य हुन सकेको छैन । यसमा पहल भएको पनि सुनिएको छैन । जुन उच्च प्राथमिकतामा राखेर दिनरात अनुगमन गर्नुपर्ने आयोजना हो । पूर्व-पश्चिम राजमार्गलाई पनि राजमार्ग भन्न सकिने अवस्था छैन । यसलाई राष्ट्रिय लज्जा छोप्न पनि उच्च प्राथमिकतामा राखिनु पर्दछ । हवाई यातायातको कुरा गर्दा धेरै अपेक्षा राखेर निर्माण गरिएको भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, लगभग आन्तरिक विमानस्थलका रूपमा मात्र सञ्चालित छ । भारतले रुट नदिनु एउटा बुझिएको विषय हो तर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण हुन नसकेका विमानहरू पनि भैरहवामा अवतरण नगरी भारत वा बंगलादेशका विमानस्थलमा डाइभर्ट हुने क्रमले नेपालको क्षमतामाथि प्रश्न उब्जिएको छ । यस्ता विषय सरकारका उच्च प्राथमिकतामा परेको पाइएको छैन । सरकार कसलाई थुन्ने, थुनेकालाई कसरी कष्ट पुऱ्याउने गरी थुन्ने भन्ने विषयमा अलमलिएको देखिँदै छ । विमानस्थल नाफा हुनेगरी चलाउनेदेखि भारतीय वा चिनियाँ पर्यटक नेपाल ल्याउन ती देशहरूसँगको सुमधुर र आत्मीय सम्बन्धले महत्त्वपूर्ण भूमिका खेल्छ । यो सरकार आएपछि दुवै छिमेकीलगायत शक्ति राष्ट्र संयुक्त राज्य अमेरिकासँग समेत सौहार्दता बढ्न सकेको छैन । दुई छिमेकीसँग त सम्बन्ध चिसिएको भनेर विश्लेषण भइरहेको छ । भएका राजदूतहरूलाई फिर्ता बोलाइएको छ तर पठाउन सकिएको छैन । कुनै सरकारले पत्याएर पठाएका राजदूतहरू वैकल्पिक व्यवस्थाबेगर कामै बिगिरिहाल्लान् जसरी फिर्ता बोलाउने परिपाटी पनि प्रतिशोधपूर्ण र देशको विश्वसनीयता कमजोर बन्ने किसिमको रहेको छ । भारत, चीन, अमेरिका लगायतका देशहरूसँग सुमधुर सम्बन्ध नभएसम्म नेपाल आउँने पर्यटकको संख्यामा छलाङ आउँने छैन भने भरपर्दो र सुविधाजनक यातायातबिना बसाइँ अवधि लम्ब्याउन सम्भव देखिँदैन । संसदीय मर्यादा, अदालती मर्यादा, राजकीय मर्यादा, कूटनीतिक मर्यादा, राजनीतिक मर्यादा, कार्यकारिणी मर्यादा भनेका कुनै पनि मुलुकले लामो समय लगाएर बनाएका मुलुकका संस्कार हुन् । यिनै संस्कारले समाज मर्यादित बनेको हुन्छ । यिनलाई भत्काउनु क्रमभंगता होइन । गरिबी, अशिक्षा, पछौटेपन, सामन्तीपन, छुवाछुत हटाउनु क्रमभंगता हो भनेर बुझिएन भने गिरिजाप्रसाद कोइराला, पुष्पकमल दाहाल र केपी शर्मा ओलीले गुमाएको अवसरको क्रमसंख्यामा बालेन्द्र साहको नाम थपिने मात्र हो । नेपाली जनाताको आशा निराशामा परिणत हुने र जनजीविका झन् कष्टकर बन्न नदिनका लागि सरकारले कार्यशैली बदल्नुपर्ने अवस्था रहेको छ । ***-इहिमालयन डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पाः०७५-५२०३३३, ५२११७९
रामपुर अस्पतालः ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मनमा उत्साह र उमंग बढ्नेछ। मन पर्ने काममा समय बित्न सक्छ। | **तुला** : सहकार्य बढ्नेछ । मनोबलमा वृद्धी हुनेछ। मन प्रसन्न रहनेछ। |
| **वृष** : मन संवेदनशील बन्न सक्छ। धैर्य राख्दा सम्बन्धमा मिठास आउनेछ। | **वृश्चिक** : जिम्मेवारी पूरा गर्दा प्रशंसा पाइनेछ। धैर्यले सफलता दिलाउनेछ। |
| **मिथुन** : कुराकानीमार्फत काम बन्ने सम्भावना छ। छोटो यात्राको योग देखिन्छ। | **धनु** : कार्यतर्फ आकर्षण बढ्नेछ। व्यापार व्यवसायमा लाभ हुन सक्छ। |
| **कर्कट** : आर्थिक पक्षमा ध्यान दिनुपर्ने दिन छ। मेहनतले बिस्तारै फल दिनेछ। | **मकर** : आर्थिक निर्णयमा सावधानी हुनु। संयमता अपनाउँदा सफलता मिल्नेछ। |
| **सिंह** : चन्द्रमाको प्रभावले आत्मबल बढ्नेछ। व्यक्तित्वको प्रभाव राम्रो रहनेछ। | **कुम्भ** : सम्बन्धमा विश्वास बढ्ने संकेत छ। मेहनतले उपलब्धि दिलाउने छ। |
| **कन्या** : विश्रामको आवश्यकता हुन सक्छ। धेरै सोच्दा मन थाक्न सक्छ। | **मीन** : काममा व्यस्तता बढ्न सक्छ। मेहनतले राम्रो परिणाम ल्याउनेछ। |

# साहित्य दर्पण

निबन्ध — रमाकान्त शर्मा

## चौतारीका बरपिपलसँगै ढलेको मेरो मन

बकुलहर चोकका वरपिपल ढले । हुन त टाँडी चोकको वरपिपल पनि त ढालियो। चौतारीहरु पाताल भए जति धेरै सामिप्यता अन्त्य हुँदा त्यतिनै धेरै पीडा । स्मृतिबाट हटाउन खोजे पनि झनै धेरै नोस्टालजिया । नारायणघाट- बुटवल, बुटवल गोरुसिङ्गे सडकखण्ड विस्तारको क्रममा उता ढल्केवर देखि जनकपुर जोड्ने सडक विस्तारको क्रममा मात्र हो र देश व्यापी रुपमा नयाँ सडक निर्माण र विस्तारको क्रममा धेरै पुराना भयङ्कर बरपिपल ढालिएका छन्। डोजरले जरा समेत उक्काईएको छ। बिहान बेलुका छिमेकी जम्मा हुने, को तिनको सितल छाहरीमा बस्ने धेरैका मनहरु कुँडिएका छन्। असरल्ल परेका हाँगाविङ्गा र विशाल गोलाइहरु देख्दा आँखाहरु रसएका छन्। हेर्न नसकेर नजरहरु अर्कोतर्फ फर्किएका छन् । जन्मेको गाउँ लाम्मुको छेउमा रहेको ठूलो चौताराका वरपिपलको नामोनिसान छैन । चौतारो रहेको स्थानमा वडा कार्यालय निर्माण गरियो । वडा कार्यालय बन्नु पर्ने थियो बन्यो । तर ठुलो चौताराको बरको हाँगामा झुण्डाएर हालिने लठेपिङ्ग र त्यसमा खेल्न पाउने अवसर पनि अब सधैंको लागि अन्त भयो । बाल्यकालमा ठुलो चौतारमा हुने गाउँको सभा तथा कचहरी, हजुरबाले आफुसँगै लगेर नजिकै बस्नलगाएका, मौकापर्दा चौतारको छपनीमा बसेर बागगोटे खेलेका दसी प्रमाणहरु सबै नास भए । मान्छेले अरु मान्छेलाई कतिनै सहयोग गर्न सक्छ र ? यी वर पिपल र स्वामीका रुहहरुले त हजारौं मान्छेलाई मात्र हैन लाखौंलाख चराचुङ्गी र किटपतङ्गलाई वर्षौ वर्ष प्राण वायु दिए, सितलता दिए, बास दिए, खाना दिए। अनेक गुन लगाए । यीनै रुखको हाँगा र धोद्राहरुमा आफ्ना आमा बाबुले चुच्चोमा घरघुऱ्यान र छेस्कासेस्की जम्मा पारेर बनाएका घरमा हुर्किएका, तीनै रुखको वल्लो हाँगा र पल्लो हाँगा गरी उड्न सिकेका बकुल्ला, काग, ढुक्कुर लगायतका चराहरु आना बासहरु उठिबास हुँदा सडकको वारीपारी ठिङ्ग उभिएका सुरिलो जातका रुख तथा घरहरुको छानामा बसेर टोलाइ रहेका छन् । भुर्र एता, भुर्र उता गरेर आफ्ना बेदनाहरु आफ्ना मिल्दा मनसंग साटीरहेका छन्। हुन पनि आफुँ हुर्केको, बढेको र जीवनका प्रारम्भिक सीपहरु सिकेका घरहरु उजाडिएको कसलाई पो मन पर्छ र ? धुवा र धेलो उढाउदै, कर्कस आवाजका साथमा कुद्ने ती गाडीको बढ्दो चापले अस्तित्व नै संकटमा पर्ने डरले भरिएका मन लिएर बसेका छन् बिचरा चराहरु। आँफु गुँडमा बसेर आनो आमाको प्रतिक्षा गरेका, आमाले ल्याएको चारा देख्दा मुख खुवाएका। त्यहि गुँडबाट नजिकैको हाँगामा उड्न प्रयास गरेका, दिनभर त्यही रुखका वल्लो हाँगा र पल्लो हाँगा गरेर बेलुकी गुँडमा नै फर्किएका दिनहरु स्मरण गरिरहेका छन् ती बिचराहरु। कतिपय बयसक्क भालेहरु मिठो आवाज निकालेर डाली डाली नाची नाची पोथीलाई आफु प्रति आकर्षण गर्न गरेका प्रयास र मायापृतिमा प्राप्त गरेका सफलता, नजिकका खेत र बारीबाट सुकेका घाँसका त्यान्द्रा खोजेर ल्याएर गुढ बनाएका, अण्डा कोरलेर चल्ला हुर्काएका ती बिगतका दिनको स्मृतिदंश त तीनलाई पनि भएको होला। अर्काकको बास उठीबास पर्ने मनुवाहरुले कसरी बुझ्नु ती अमुक प्रणीका आफ्ना भाषागत संकेतहरु । वरपिपल र स्वामीका रुख मात्र कहाँ ढलेका छन् र तिनीसंग जोडिएको इतिहास पनि ढलेको छ। घरविहिनको बास ढलेको छ । धेरैको स्मृति ढलेको छ । बिहान बिहान पूजा गर्ने र जल चडाउनेको आस्थाको धरोहर ढलेको छ । गाउँघर, टोलमा छिर्ने संकेतहरु मासिदा स्थान विषेशको पहिचान पनि गुमनामा भएको छ । विगतमा गाउँको सभा बस्ने स्थान, पारदर्शी तरिकाले न्याय दिने न्यायलयहरु ढलेका छन् । बालबालिका खेल्ने स्थान, दशै तिहार लगायत चाडबाडमा पिङ्ग हाल्ने,खेल्ने र रमाइलो गर्ने स्थान हराएका छन् । ढल्केवरमा नाम त छ, ढल्केको वर,वरचौताराको वर, लहरे पिपलको लहरा, पिपल डाँडा र पिपल टारका पिपल, स्वामी टारका स्वामी कहाँ देख्न पाउनु नयाँ पुस्ताले । गाई भैसी चराउने गोठालाहरु चौतारीको वरपिपलको छाहारीमा ढुङ्गाका छपनीमा बसेर बागचाल र गोटा खेलेका, मस्का मस्की गरेका र माया प्रेम लगाएका स्मृतिहरु बिर्सन कहाँ सजिलो होला र ? उखरमाउलो गर्मीले सताएका दिनहरुमा सितल हावा खाँदै गफगाफ गरेका,चराको चिरबिर सुनेर रमाएका दिन बिर्सिन कसरी सकिएला र ? घाँस दाउरा, अन्नपात, नूनतेलका खर्पन लगायत भारी वरपिपल चौतारीको खुड्किल्लोमा बिसाएर लामो स्वास तान्दै टोपी तथा काधमा भएको गम्छाले पसिना पुछेर सुस्ताएका स्मृति बिस्मृति हुन पनि कठिन छ नि । नजिक बस्तिका पाका पुस्ताका व्यक्तिहरु जम्माभएर आफ्ना जीवनका कथाहरु र जीवनमा भोगेका पीडाका पोकाहरु फुकाउने स्थान थिए चौतारी । जवानीका कुरा निकालेर पुन एक पटक युवा जोस शरीरमा फैलाएउन सहयोग गर्थे ति वरपिपर र स्वामीले । जीवन जीउने साहाराको खोजीमा पहाडबाट मधेश झर्नेहरुले डोको भित्र बिहान बेलुकीको खाना पाक्ने ताउली, ढिडो ओडाल्ने भजालो, तरकारी पाक्ने तप्के र तसला डोको माथि राखिएका गुन्द्री, मान्द्रोका भारी टुक्करुक्क बिसाएर अनिश्चितताको भविष्यको समपना देखेका यीनै वरपिपलको छाहरीका चौतारीमा त हो। कता जाने टुङ्गो नभएको अवस्थामा पनि तीनै चौतारीमा बिसाए, रुख जस्तै अडिग भए अनि रुख जस्तै मौन भएर भविष्यको कल्पाना गरें । त्यहिँ भएका मान्छेलालाई सोधेर उनैको कुरामा विश्वावस गर्दै गाउँतिर छिरे होलान् बाँकी जीवन जीउने सपना बुन्दै । खुला रुपमा ठूला ठूला आमसभाहरु गर्न नपाइने विगतको राणा र पञ्चायतकालमा कतिले यस्तै चौतारीमा सानो समूहमा भए पनि राजनीतिक छलफल चलाए होलान्। किसानहरुले छायाँमा बसेर आफ्ना घरपालुवा जनावरको बारेमा यस्तो छ र उस्तो छ भनेर कति छलफल गरे होलान् ? कतिले घर र मन्दिरमा पुजाआजाको लागि त्यही बर पिपल र स्वामिका पातहरु लगें होलान् ? बुद्धले गयामा गएर बोधी बृक्षको फेदमा बसेर तपस्या गरे झैं कति कवि र लेखकहरुले यीनै वर पिपलको छायाँमा कविता, कथा र साहित्यिक सिर्जना गरेहोलान् । कति महिलाले लिएका वर्त पुरा गर्न यी बरपिपलहरुलाई कति पटक घुमे होलान र धुपबात्ती जलाएर वर पिपलको फेदमा पुजाआजा गरे होलान् । लगाइका चन्दन, अभिर र केसरीहरुका रंगिन धब्बाहरु र थपिदै गएका धागो र ध्वजाहरुले किति सोभित भएका थिए ती वारपिपलका रुखहरु नववविाहित युवती जस्तै । धार्मिक मात्र कहाँ हो र कति युवा युवतीले समाजको आँखा छल्न बेलुकी भेटहुने र माया पृति लगाउने, मायाको डोरी कस्ने स्थान बनाए होलान् यिनै बरपिपलका चौतारीहरलाई । ति रुखहरु केवल प्रकृतिका अंग मात्र होइनन्ह मानव संस्कृति पनि हुन्। ती रुखले सुनेको अभिलेख पढन् सक्ने आधुनिक उपकरण हुने हो भने त्यहाँ कति जीवन्त कथा र इतिहास होलान ? यी रुखहरुले के सुनेनन् ? के देखेनन् र ? बिहान सबेरै जलचडाउन र पुजा गर्न आउने महिलाका मनका बेदना, दौतरीका घरयासी पीडा,घरमा भएका झगडाका कथाहरु कति सुने सुने । गाउँ छिमेकमा भएका सरसल्लाह सुने, केटाकेटीका बिवाहको खबर सुने, नजिकको बस्तीमा भएका मृत्युको शोक सुने । मेलापात, जात्रा र रमाइला क्षेणहरुका कुरा सुने। समाजमा हुँदै गरेका परिवर्तनको सुरुवाती सोच, त्यसमा भएका छलफल पनि त यिनै रुखले सुने । यी रुखले देख्न पनि धेरै कुरा देखें । मान्छेले गरेका अरु मान्छेले देख्न नहुने कुरा पनि देखें, समुदायलाई देखाउन गरिएका कुरा पनि देखें। गाउँघरका रमाइला नाचगान, झाँकी, देखे। युवाहरुले राज्य व्यवस्था र सामाजिक बेथितिको विरुद्धमा गोलबन्द भएका, परिवर्तनको सोच राख्ने एक युवाले अर्कोलाई बुझाएका, सत्ता र शक्तिको विरुद्धमा गरिएका प्रश्नहरु र सामाजिक अन्याय बिरुद्धमा घन्काएका नाराहरु पनि यिनै चौतारीका वरपिपलले सबैले भन्दा पहिला सुने। यत्ति हो यी वरपिपलले कहिल्यै पनि सुनेको कुरा अरुलाई भनेनन्, चाप्लुसी गरेनन् । पढ्न सकेको भए यी रुखसंग धेरै कथा थिए, मान्छेका व्याथा थिए र अथाह इतिहाँस थिए । सडक त चौडा भए तर मनहरु साँघुरिए, बाटो त बन्यो तर छहारी मासियो। कर्कस आवाज निकाल्दै धेरै गाडीहरु कुदन थालेका छन् । छेउछाउमा पेटी र रंगीचङ्गी भित्ता पोताइले सडक सिगारिएका पनि छन्। बिहान र झाँसपख डाङ्गे, सारौं, काग बकुल्ला लगाएतका चराहरु थ्युफने र बास बस्ने बेलाका प्राकृतिक संगीत हराएका छन् । शान्त त भएको छ तर मृतशान्ति जस्तै । धेरैले भन्देछन् बिकासले फड्को माऱ्यो । खै मलाई भने मान्छेका स्मृतिहरु, बिश्राम स्थलहरु, छाहरीहरु, चाराचुरिङ्गी र घरनहुने मान्छेका घरबासहरु र हामी सबैको प्राणवायुका स्रोत र पर्यावरण नास भएको देखेको छु। चौतारी र बर-पिपल केवल रुख कहाँ हुन् र ती त गाउँका इतिहास, न्याय, विश्वास र सामूहिक स्मृतिका जीवित साक्षी हुन् । मेरो मात्र होइन धेरै प्रकृति प्रेमीको मन दुखेको छ । त्यो पीडा शब्दमा व्यक्त गर्न गाह्रो छ । ती वरपिलसँग मानिसको सम्बन्ध मौन छ, न ढलेका रुख बोल्छन्, न मानिसनै आफ्नो मनको पीडा सधैं बोल्छन् । त्यो गहिरो सम्बन्ध कहाँ शब्दमा व्यक्त गर्न सकिन्छ र । जब रुख ढल्छ, मानिसको मन पनि कतै ढल्छ। चौडा पारिएको सडको छेउमा कहिले रोपिएलान् वरपिपलका बिरुवाहरु ? फेरी कहिले होलान् त्यति विशाल छाफारी दिने रुखहरु ? हाम्रो जीवनकालमा फेरी देख्न र बस्न पाइएला र त्यति भिमकाय रुख सहितको चौतारीमा ? के अबका सडक किनारहरूले फेरि यस्तै छहारी देलान् ? सोच्दा सोच्दै ढालिएका र हराएका वरपिपल सँगै मेरो मन पनि हराएको छ ।

*-समकालीन साहित्य डटकम*

क्लासिक कथा — मनु ब्राजाकी

# पारदर्शी मान्छे

*हामी दुवैले चर्को स्वर आएको टेबुलतिर हेर्यौं । त्यहाँ एउटा अलिअलि मोटो, अलिअलि कालो, अलिअलि कठोर मुखमुद्रा भएको व्यक्ति हामीतिर, विशेषतः ऊतिर हेरेर व्यंग्यपूर्वक पहेँला कोदालीपाते दाँत देखाएर हाँस्दै रहेछ ।*

उसले सोच्यो, अरूले तात्तातो चिया पनि दस मिनेटमा खाइसिढ्याउँछन् । तर यसले एक गिलास रक्सी खान ठ्याम्मै एक घण्टा लगाउँछ । 'उसले' भनेको पसले साहूजी हुन् । गाहकीले जति छिटो, जति धेरै खाएर सिट छोड्यो उति नयाँ गाहकीले ठाउँ पाउँछन् र उनको बिक्री बढ्छ । तर यसले एक गिलास रक्सी खान एक घण्टा लगाउँछ, दुई गिलास खायो भने दुई घण्टा र तीन गिलास खायो भने तीन घण्टा लगाउँछ । तीन गिलासभन्दा बढीचाहिँ खाँदैन । यो पनि पसले साहूजीका लागि चिन्ताजनक कुरा भएको छ । गाहकीले जति धेरै खायो, जति धेरै मात्यो उसलाई उति नाफा हुन्छ । झगडिया गाहकी परेछ भने पनि केही फिक्री छैन, अर्को दिन उही गाहकी आउँदा खाना तेर्स्याउन पाइहाल्छन् । अझै थपथाप गरेर । थोरै खाएर धेरै बेरसम्म बस्ने गाहकीप्रति उनको ठ्याम्मै सहानुभूति छैन । किनभने यहाँ थोरै खाने नेता, मन्त्री, हाकिमभन्दा धेरै खानेहरु नै सम्मानित छन् । अत: उनी पनि धेरै खानेहरूप्रति नै श्रद्धावान् छन् । तर यसले... 'यसले' भनेको अर्थात् 'यस' भन्नेको परिचय दिन त बाँकी नै छ । 'यस' भन्नेको परिचय मैले दिनुभन्दा उसकै मुखबाट सुन्दा तपाईंहरूलाई बढी प्रस्ट हुनेछ । ऊ नितान्त पारदर्शी मान्छे हो, अत: आफ्नो बारे केही कुरा लुकाउँदैन । उसको थोरै खाने र आफ्नो तथा आफूसित सम्बन्धित विषयमा धेरै बोल्ने बानीले गर्दा एक दिन म धेरै खानेले त्यस दिन अलि धेरै खाएर उसको परिचय सोध्न पुगेछु । हाम्रो वार्तालाप उसको परिचयार्थ तपाईंहरूका लागि फलदायी हुनेछ । "क्षमा गर्नुहोला, यहाँको परिचय पाउन सक्छु ?" ऊ मेरै टेबुलको अघिल्तिर बसेको थियो र आफ्नो आडैको अपरिचित व्यक्तिसँग धार्मिक कर्मकाण्डमा निहित अपारदर्शिता नै पाखण्ड हो भन्ने चर्चा गर्दै थियो । साधारणजस्तो लाग्ने त्यो अपरिचित व्यक्ति बुझे पनि नबुझे पनि 'अँ अँ' भन्न बाध्य थियो । मेरो विनय हस्तक्षेपले ऊ मतिर फर्कियो अर्थात् बल्ल हामी दुवै आमुन्नेसामुन्ने भयौं । "के भन्नुभो तपाईंले ?" उसले गौडले मतिर हेर्दै भन्यो । सामान्यस्तरको भट्टीपसलमा जाँड खाने व्यक्तिसित परिचय सोध्नु उचित होइन भन्ने थाहा हुँदाहुँदै पनि परमजिज्ञासा र कुरौटे हुने मुडसम्म आफूले पनि धोकेको हुनाले पुन: सोधिहालें, "कृपया यहाँको परिचय पाउँ न !" "ए ! ठीक सोध्नुभयो तपाईले ।" उसले हाँसेलो मुख लगाउँदै भन्न थाल्यो, "उसो त मलाई धेरैले चिन्छन्, तपाईं नौलो पर्नुभो क्यारे । मेरो घर उ: त्यौ छ, ...हीँबाट देखिन्छ... रातो चाइनिज ईंटले बनेको दुईतले घर, माथि डिस एन्टेना र सोलार प्यानल पनि देखिन्छ नि, हो त्यौ हो मेरो घर । देख्नुभो त ?" उसले 'देख्नुभो त' भनेपछि मैले देखें । तर ठम्याउन सकिनँ । रिङरोडवारि नै टाढाको थुम्कोमा दस-बीसओटा नयाँ बनेका घरहरू गुजमुज थिए । राता घरहरू पनि चार-पाँचओटा थिए । कुनचाहिँ हो कुन्नि । तापनि भनें, "अँ, देखें ।" "तपाईंलाई एक गिलास थपौं ?" "भैगो, धन्यवाद !" "म पनि थप्छु ।" उसले मानेन र करायो, "साहूजी, यहाँ हामीलाई दुई गिलास !" अब उसटो दोस्रो गिलास र मेरो पाँचौं गिलास चल्नेछ । मैले उसको घर होइन नामकाम मात्रै बुझ्न चाहेको थिएँ । उसको घर रातो होस् कि सेतो, दुईतले होस् कि एकतलेसित मलाई कुनै चासो थिएन । तापनि म उसको उदारताबाट प्रभावित भएँ । "अनि यहाँको परिचय..." "भन्दै छु । के भने, ठाउँ न ठेगानको मान्छेको परिचय परिचय पनि हुँदैन । कसो ?" उसको दर्शनमिश्रित नीतिवाक्यसहित आइलागेको 'कसो'ले मलाई झर्को लाग्यो । तर उसैद्वारा प्रदत्त एक गिलास घुट्क्याउँदै थिएँ, अत: हाँसिलो अनुहार लगाएर भनें, "सारै बेस कुरा भन्नुभयो ।" ऊ प्रसन्न भयो र भन्न थाल्यो, "यहाँ घर बनाएको त अहिले चार पुगेर पाँच वर्ष मात्रै भएको छ । घर त हाम्रो बीच सहरमै थियो । हाम्रो भन्नाले भाइहरूको । उनीहरू पनि यतै सरे । मचाहिँ मधेसतिर बस्थें । त्यहाँ हाम्रो चारओटा मौजा थिए । थिए किन भन्या भने २०२१ सालमा भूमिसुधार लागेपछि सबै गए । हा-हा-हा-हा..." ऊ मजाले हाँस्यो । मानौं सम्पत्ति सिद्धिएर ऊ अत्यन्त प्रफुल्ल छ । म भने उसको परिचय पाउन व्याकुल थिएँ । अत: मैले मुख आँ गर्न मात्रै के थालेको थिएँ उसैले उछिन्यो । "मौजा गए पनि जग्गाजमिन छँदै छ । राजधानीका यी मिसावटी र प्रदूषित खाद्यपदार्थहरू, त्यो पनि पैसो हालेर खानुपरेको छैन । दाल, चामल, आलु, प्याज, अझ लसुनसमेत मधेसबाटै आउँछ । अनि सिजनका..." "किन नआउनु भू.पू. जिम्दारसाप भएपछि ।" आडैको टेबुलबाट चर्को स्वर हाम्रो टेबुलतिर आयो । हामी दुवैले चर्को स्वर आएको टेबुलतिर हेर्यौं । त्यहाँ एउटा अलिअलि मोटो, अलिअलि कालो, अलिअलि कठोर मुखमुद्रा भएको व्यक्ति हामीतिर, विशेषत: ऊतिर हेरेर व्यंग्यपूर्वक पहेँला कोदालीपाते दाँत देखाएर हाँस्दै रहेछ । ऊ सशंकित भयो । अनि टेबुलमाथि निहुरेर मतिर घिच्रो लम्काउँदै मैले मात्रै सुन्ने गरी साउती गर्यो । "माओवादी समर्थकजस्तो लाग्छ, कसो ?" "कुन्नि ।" मैले वास्ता गरिनँ । "समर्थक कहाँ, माओवादी नै लाग्छ, कसो ?" "होला ।" म फर्किएँ । "म के भन्दै थिएँ रे ?" उसले सशंकित दृष्टिले पुलुक्क त्यो मान्छेतिर हेर्यो र ठाडो भएर बस्दै भन्न थाल्यो, "अँ, म भन्दै थिएँ सिजनमा आँप, लिची र कटहरजस्ता फलफूल पनि आइपुग्छ- ताजा, स्वादिष्ट र प्रदूषणरहित । बुझ्नुभो, आँप, लिची र कटहरका सयओटाजति बोटको बगैंचा छ मेरो ।" "तर मैले सोध्न खोजेको..." "अनि एक बिघाको पोखरी पनि छ । त्यसमा माछापालन गरेको छु । एक बिघा भनेको यहाँको साढे तेह्र रोपनी हुन्छ ठ्याक्कै । माछा पनि उतैबाट आउँछ ।" मैले चुरोट सल्काएँ । तर उसलाई टर्याइनँ । "ल हेर्नुस्, म केही कुरा लुकाउँदिनँ... एहे ! तपाईं चुरोट खानुहुँदो रै'छ ।" अनि उसले शिखर सल्काएर मेरो बिजुलीतिर हेर्दै अगाडि भन्न थाल्यो, "त्यहाँ हाम्रो गाउँमा एउटा हाईस्कुल पनि छ मेरै बुबाज्यूले स्थापित गर्नुभएको, जनताका लागि पनि त केही गर्नुपर्यो नि ! त्यहीँ म फ्री पढाउँथें । आफूले स्थापित गरेको स्कुलमा तलब लिएर पढाउनु पनि त भएन । अनि मैले पढाउँदा कहिल्यै कुनै विद्यार्थीलाई पिटिन, कुटिनँ ।" मलाई लाग्यो ऊ मलाई कुट्दै छ, पिट्दै छ । म चोटले चिच्च्याएझैं भएँ । "मैले त तपाईंको परिचय..." "हो त नि, तपाईंले परिचय सोध्नुभएको । हेर्नुस्, म केही कुरा लुकाउँदिनँ, के भने, सार्वजनिक जीवनमा मान्छे प्रस्ट हुनुपर्छ । मुसुमुन्द्रे हुनु हुँदैन, कसो ?" म कसो भनूँ ? अलमलिएँ । तर ऊ अलमलिएन र केही नलुकाई भन्न थाल्यो, "मेरै एउटा सालो थियो... मतलब अहिले पनि छ । हिजो पनि मन्त्री थियो, आज पनि मन्त्री नै छ ।" "एहे !" मेरो स्वर विस्मयादिबोधक भयो । "हिजो पञ्चायती मन्त्री थियो, आज बहुदलीय प्रजातान्त्रिक मन्त्री भएको छ । पञ्चबाट प्रजातान्त्रिक हुने सल्लाह मैले नै दिएको हुँ उसलाई । हिजो सबै कुरा भित्रभित्र गुपचुप हुन्थ्यो, आज सबै कुरा छ्यांग छ । लुकाउनुपर्ने केही छैन, लुकाउनु पनि हुँदैन ।" "एहे ! तपाईं त मन्त्रीज्यूको भेना पो हुनुहुँदो रहेछ ।" मैले उसको परिचयको पुच्छरको टुप्पो भेट्टाएँ, "उसो भए तपाईं..." "अनि मेरा एकजना साढु एस्.पी. पनि छन्, सारै फरासिला र दयालु, मैले सिफारिस गर्दा केयौंलाई नोकरी लगाइदिएका छन् । एउटा मेरा भान्दाइ उद्योगपति हुनुहुन्छ... गार्मेन्ट फ्याक्ट्री छ उहाँको... उहाँले पनि मेरो वचन हार्न सक्नुहुन्न..." मैले उसका कुरा अझै अगाडि सुन्न सकिनँ । किनभने मलाई अब यसले नोकरी लगाइदिन्छ कि भन्ने आस पलाउन थालेकाले मक्ख पर्दै थिएँ । निकै बेरपछि कल्पनाको यस मुग्धताबाट बिउँझेर मैले अब ता यस व्यक्तिको परिचय नलिई नछाड्ने अठोट गरें । "कृपया यहाँको परिचय पाउँ न !" "हेर्नुस्, म केही कुरा लुकाउँदिनँ । म प्रस्ट मान्छे हुँ । उसै पनि प्रजातन्त्रमा केही कुरा लुकाउनु हुँदैन । जनतालाई धोका हुन्छ । प्रजातन्त्रमा प्रजातन्त्र नै त लुकाउन सकिन्छ, अरू के नै पो लुकाउन सकिन्छ र ? प्रजातन्त्र जति लुक्छ त्यति प्रस्ट हुन्छ । तर व्यक्तिले लुक्नु हुँदैन । प्रजातन्त्रमा प्रस्ट भनेको झ्यालको सिसा हो, ऐना होइन । कसो ?" उसले 'कसो' भनेपछि मैले बुझें उसका कुरा सकिए । उसले भर्खर भनेका कुरा आफूले ठ्याम्मै नबुझे पनि नोकरी कतै मिलाइदिन्छन् कि भन्ने आसले पुन: बिन्ती बिसाएँ । आदरपूर्वक बिसाएँ । "ठीक मर्जी भो । उसो भए हजुरको परिचय पाउँ न !" "हजुरको परिचय मलाई थाहा छ !" आडैको टेबुलबाट अघिकै मान्छेको व्यंग्यात्मक कर्कश वज्रघोष सुनियो । ऊ जुरुक्क उठेर हाम्रो टेबुलसामु आएर ठिंग उभियो । अनि मेरो सामु बसेका मेरा भावी अन्नदातातिर उपेक्षापूर्वक हेर्दै पुन: बोल्यो, "मान्छेको संस्कार नै उसको वास्तविक परिचय हो ।" अनि उसले मतिर हेर्दै भन्यो, "यिनको परिचय यिनको अगाडि हैन पछाडि छ । ल हेर्नुस् !" मैले आफूसामु बसेको व्यक्तिको पछाडि हेरें । त्यहाँ मेरोसामु बसेको मान्छेकै छाया रहेछ - निकै बाक्लो, कालो र अपारदर्शी । अनि टेबुलमाथि आफूसामु बलेको मैनबत्तीतिर हेरें, प्रकाश रहेछ - निकै सफा, स्वच्छ, स्पष्ट र पारदर्शी ।

*-साहित्यपोस्ट डटकम*

# आज युगकवि सिद्धिचरण श्रेष्ठको जन्मजयन्ती मनाइँदै



**पाल्पा,** जेठ ८/आज युवकवि सिद्धिचरण श्रेष्ठको १ सय १५ औं जन्मजयन्ती विभिन्न साहित्यिक कार्यक्रम गरी मनाइँदै छ । वि.सं. १९६९ साल जेठ ९ गते ओखलढुङ्गामा आजकै दिन युगकवि श्रेष्ठको जन्म ओखलढुंगामा भएको थियो । उनको २०४९ जेठ २२ गते काठमाडौँको धर्मपथस्थित आफ्नै निवासमा निधन भएको थियो ।

उनी नेपाली साहित्यमा स्वच्छन्दतावादी काव्यधारका प्रवर्तक मानिन्छन् । उनको जन्मजयन्तीका अवसरमा आज देशैभर विभिन्न कार्यक्रम हुँदै छन् । हरेक वर्ष जेष्ठ शुक्ल पञ्चमीका दिनमा युगकवि सिद्धिचरण श्रेष्ठको जन्मजयन्ती मनाउने गरिन्छ । सिद्धिचरणको मेरो प्यारो ओखलढुगां कविता त झन जन्मस्थल छाडेर बेग्लै कर्मस्थलमा आइपुगेका नेपालीहरुको जन्मस्थलको एउटा थेगो गान नै भएको छ । युगकवि श्रेष्ठले आफ्नो जीवनको साढे छ दशक लामो साहित्य साधनाका सन्दर्भमा फुटकर कविता, गीत, खण्डकाव्य, नाटक, पद्यनाटक, कथा, निबन्ध, समालोचना, यात्रासंस्मरण लगायतका विधामा सफलतापूर्वक कलम चलाएका छन् । उनका 'मेरो प्यारो ओखलढुंगा', 'निर्झर', 'भीमसेन थापा', 'शबरी', 'जूनकीरी' लगायतका मर्मस्पर्शी रचनाहरु सर्वाधिक चर्चामा छन् । उनका कविता संग्रह 'मेरो प्रतिबिम्ब', 'कोपिला', 'कुहिरो र घाम' लगायत खण्डकाव्यहरु 'उर्वशी', 'ज्यानमारा शैल', 'आँसु' लगायतका कृति रहेका छन् । उनको अत्यन्तै लोकप्रिय र कर्णप्रिय गीतिकविता मेरो प्यारो ओखलढुंगा कालजयी सिर्जना हो । नेपाली शोककाव्य जगतमा कविवर माधवप्रसाद घिमिरेको कालजयी सिर्जना गौरीको जुन स्थान छ, स्थान परिचय र देशभक्तिको भावनामा युगकवि सिद्धिचरणको मेरो प्यारो ओखलढुंगा सिर्जनाको त्यही स्थान छ । सिद्धिचरणले संवत् १९९० सालमा भुइँचालो कविता लेखनबाट आफ्नो साहित्यिकयात्रा आरम्भ गरेका हुन् । राष्ट्र, राष्ट्रियता एवं जन्मभूमिप्रतिको स्नेहपूर्ण भक्तिभाव उजागर गर्न उनको चम्कन युवक चम्क कविताले राष्ट्रबोधको बारेमा राम्रो सन्देश-प्रवाह गरेको छ ।

## खेलकुद समाचार

### आइपीएलमा गुजरातले चेन्नईलाई हरायो



**काठमाडौं,** जेठ ८/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा गुजरात टाइटन्सले चेन्नई सुपर किङ्गसलाई हराएको छ । शुक्रबार अहमदावादमा भएको खेलमा गुजरातले चेन्नईलाई ८९ रनले हराएको हो । टस हारेर पहिला ब्याटिङ गरेको गुजरातले ४ विकेट गुमाएर २२९ रन बनाएको थियो । गुजरातले दिएको २३० रनको लक्ष्य पछ्याएको चेन्नई १३ ओभर ४ बलमा १४० रन बनाएर अलआउट भयो । गुजरातका साई सुदर्शनले ५३ बलमा ८४ रन बनाए । कप्तान शुभमन गिलले ३७ बलमा ६४ रन बनाए । त्यस्तै चेन्नइलाई सस्तैमा समेट्न मोहम्मद सिराज, राशिद खान र कागिसो रबाडाले उत्कृष्ट बलिङ गर्दै ३/३ विकेट लिए । यस हारसँगै चेन्नई प्लेअफ समीकरणबाट बाहिरिएको छ । आईपीएल क्रिकेटको अङ्क तालिकामा गुजरात १४ खेलमा १८ अङ्कका साथ तालिकाको दोस्रो स्थानमा छ भने चेन्नई समान खेलमा १२ अङ्कका साथ तालिकाको सातौँ स्थानमा छ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक सामान्य अङ्कले बढ्यो



**पाल्पा,** जेठ ८/धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक शुक्रबार उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक १६ दशमलव ३८ अङ्कले उकालो लागेर दुई हजार सात सय ५८ दशमलव ४९ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ४० अङ्कले उकालो लागेर चार सय ७१ दशमलव ८९ मा पुगेको छ । कूल तीन सय ३६ कम्पनीको एक करोड आठ लाख ८८ हजार सात सय ३९ कित्ता शेयर रु चार अर्ब ४९ करोड ८५ लाख १६ हजार ९४ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबार भएकामध्ये दुई सय तीन कम्पनीको शेयर मूल्य भने उकालो लागेको छ । यस्तै, ५७ कम्पनीको भने ओरालो लागेको छ । आठ कम्पनीको भने कुनै परिवर्तन भएको छैन । कारोबारका आधारमा आँखुखोला जलविद्युत् कम्पनी शीर्ष स्थानमा छ । यस्तै, रिडी पावर कम्पनी, नेशनल हाइड्रोपावर, अपि पावर कम्पनी र बुङ्गल हाइड्रो शीर्ष पाँचभित्र पर्न सफल भएका छन् । यस्तै, क्रिष्ट माइक्रो लाइफ इन्स्योरेन्स, माबिलुङ हाइड्रोपावर, बुंगल हाइड्रो, आँखुखोला जलविद्युत् कम्पनी र सेपुर खुदी हाइड्रोपावरका लगानीकर्ताले शुक्रबार कमाएका छन् । यस्तै, एनआइसी एशिया व्यालेन्स फण्ड,ग्लोबल आईएमई समुन्नत योजना दोस्रो, एबिएल डिबेञ्चर- २०९१, सानिमा बैंक डिवेञ्चर र स्वाभिमान लघुवित्तका लगानीकर्ताले भने गुमाएका छन् ।

## परदेशमै अस्ताएका...

...तीमध्ये नौ जनाको विदेशमा र श्रम स्वीकृति भएका एक जनाको नेपालमा मृत्यु भएको हो । आप्रवासी स्रोत केन्द्र बागलुङका अनुसार, वैदेशिक रोजगारीको क्रममा ज्यान गुमाउनेहरुमा बागलुङ र गलकोट नगरपालिकाका दुई/दुई जना, जैमिनी नगरपालिका, बडिगाड, काठेखोला, बरेङ र ताराखोला गाउँपालिकाका एक/एक जना रहेका छन् । मृत्यु हुनेहरुमा साउदी अरब, संयुक्त अरब इमिरेट्स, कतार, जापान र रोमानिया गएका छन् । चालु वर्षमा समस्यामा परेका १३८ जना कामदारमध्ये ५८ जनाको सकुशल उद्धार गरिएको आप्रवासी स्रोत केन्द्रका परामर्शकर्ता गङ्गा शर्माले जानकारी दिए । तीमध्ये २२ जनाको उद्धारमा जिल्ला प्रशासन कार्यालयले सहजीकरण गराएको थियो । आार्थिक वर्ष २०८०/८१ मा पनि बागलुङका १७ जना युवाको वैदेशिक रोजगारीका क्रममा मृत्यु भएको थियो । मृत्यु हुने अधिकांश ४० वर्षभन्दा कम उमेरका थिए । मृत्यु हुनेहरुमा सबैभन्दा बढी साउदी अरबमा गएका रहेको केन्द्रको तथ्याङ्कमा उल्लेख छ । आर्थिक वर्ष २०८०/८१ मा बागलुङबाट वैदेशिक रोजगारीमा गएका थप १५६ जना विभिन्न समस्यामा परेका थिए । तीमध्ये १३७ पुरुष र १९ महिला पीडित थिए । विदेशमा जाँदा समस्यामा नपरून् भनेर केन्द्रले नियमित परामर्श सेवा दिने गरेको छ । चालु वर्ष पनि नौ हजारभन्दा बढीलाई परामर्श दिइसकेको शर्माले जानकारी दिए । यस्तै, गैरकानुनी रुपमा वैदेशिक रोजगारीमा जाँदा समस्यामा परेका तमानखोला गाउँपालिकाका एक युवा अशक्त भएर १९ वर्षपछि मात्र घर फर्केका छन् । बिचौलियाको लहलहैमा १९ वर्षअघि सन् २००७ मा बहराइन पुग्नुभएका तमानखोला-२ भयरबोङगाका ४१ वर्षीय श्यामकुमार घर्ती अशक्त भएर घर फर्किएका हुन । गैरकानुनी रुपमा बहराइन पुगेको ६ महिनादेखि घर्ती सम्पर्कविहीन भएका थिए । गत वर्षको फागुनमा बहराइनको दूतावासबाट घर्तीको परिवारमा श्याम कोमामा छन् भन्ने खबर आएपछि गाउँपालिकाका अध्यक्ष जोकलाल बुढा र छिमेकी जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले वैदेशिक रोजगार बोर्डमा जानकारी गराएका थिए । प्रमुख जिल्ला अधिकारीमार्फत आप्रवासी स्रोत केन्द्रले आवश्यक कागजात दूतावासमा पठाएपछि घर्ती बिरामी अवस्थामा भेटिएका थिए । उनको उपचार भए पनि गैरकानुनी रुपमा बसेकाले १५ लाख उपचार खर्चसमेत नेपाल सरकारले तिर्नुपरेका थियो । "पहिचान खुलेपछि भने बहराइनबाट घर्तीलाई नेपाल पठाइयो," परामर्शकर्ता शर्माले भने । विसं २०८१ फागुनमा दर्ता प्रक्रिया सुरु गरी कन्सुलर र दूतावासमा आवश्यक र मागे अनुसारको कागजात पठाएपछि एक वर्षमा घर्ती नेपाल आइपुग्नुभएको रिजालले बताउनुभयो । घर्ती अहिले गाउँको घरमा बाबुको साथमा बस्छन । उनीहरुको दैनिकी पालिकका सहयोगमा चलेको गाउँपालिकाका अध्यक्ष जोकलाल बुढाले बताए ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई